# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ चौमाला, कैलाली भाद्र ०७ गते, शुक्रबार २०८१ साल, (संख्या ५)

# गौरीगङ्गा बालमैत्री आचार संहिता -२०८१

**नगर कार्यपालिकाबाट स्विकृत मितिः २०८१।०५।०७**

**प्रमाणिकरण मितिः २०८१।०५।०७**

बालमैत्री स्थानीय शासन बालअधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रबर्द्धन गरी स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC),१९८९ को अवधारणा, नेपालको संविधानमा मौलिक हक अन्तर्गत बालबालिकाको हकको व्यवस्था, बालबालिका सम्बन्धी ऐन, २०७५, शिक्षा ऐन, २०२८, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ लगायतका कानुनहरुले बालबालिकाको पक्षमा वकालत गरेका छन् । बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्यपद्धति र प्रणालीमा अन्तर्भूत गर्दै कार्यान्वयन गर्न आवश्यक रहेको छ । स्थानीय सरकारको नेतृत्वमा नेपाल सरकारद्वारा निर्दिष्ट गरेका सेवा सूचक र संस्थागत सूचक प्राप्तिका लागि आवश्यक आचारसंहिता तयार तथा कार्यान्वयन गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धन घोषणा र निरन्तरताका लागि यस नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा कायम राख्न यो आचारसंहिता जारी गरिएको छ ।

गौरीगङ्गा राजपत्र

# नगरपालिकाले पालना गर्नुपर्ने आचारसंहिता

१. पाँच वर्षमुनिका सबै बालबालिकाको अनिवार्य रुपमा जन्मदर्ता गराउने ।

२. बालविकास कक्षा उमेर समूहका बालबालिकालाई बालविकास कक्षामा र अन्य बालबालिकालाई विद्यालयमा भर्ना गराउन अभियान सञ्चालन गर्ने ।

३. बालविवाह, लागुऔषध दुर्व्यसन, बालश्रम शोषण, आत्महत्या, बालहिंसा न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम गर्ने ।

४. सार्वजनिक स्थानमा बालमैत्री शौचालय, शुद्ध पिउने पानीको उचित व्यवस्थापन गर्ने ।

५. मद्यपान र धुम्रपानको खरिद बिक्री र प्रयोगमा कानुनले निषेधित गरेका क्षेत्रहरुको अनुगमन गरी कानुनको पालना गराउने ।

६. समुदाय तथा विद्यालयहरुमा बालक्लब गठन गरी ती बालक्लबहरुको सक्रिय सहभागितामा विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्ने।

७. नगरपालिका अन्तर्गत बालसरोकार भएका क्षेत्रमा गठन गरिने विभिन्न समितिहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।

८. बालबालिकाको हितमा काम गर्न नगरपालिकामा छुटै बालकोषको व्यवस्था गरी लगानी योजना बनाउने ।

९. नगरपालिकामा निर्माण हुने सम्पुर्ण संरचनाहरु अनिवार्य रुपमा अपाङ्गता तथा बालमैत्री बनाउने ।

१०. बालबालिकाको विचार तथा भावनाको कदर गर्ने र सोको अवसर उपलब्ध गराउने ।

११. संरक्षणविहीन बालबालिकाको वैकल्पिक स्याहार तथा पुर्स्थापनाको व्यवस्था गर्ने ।

१२. बालअधिकार हननका घटनाहरुको प्राथमिकताका साथ अनुगमन गर्दै समाधानका लागि आवश्यक पहल गर्ने ।

१३. विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकहरुको व्यवस्थापन गर्ने ।

१४. बालमैत्री वडा तथा नगरपालिका घोषणा तथा निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

गौरीगङ्गा राजपत्र

१५. बालबालिकाको हक अधिकारको वकालत गर्ने निकायसँग नियमित छलफलबाट सुझाव सङ्कलन गरी आवश्यकताका आधारमा कार्यान्वयन गर्ने ।

१६. बालबालिकालाई राजनीतिक दलका नारा, जुलुस, आमभेला लगायतका कार्यक्रममा सहभागी गराउने कार्यलाई निरुसाहित गर्ने ।

१७. स्थानीय तहमा उत्पादित पोषिलो खाना प्रयोगमा प्रोत्साहन गर्ने र पत्रुखाना निरुत्साहित गर्ने ।

१८. नगरपालिकामा रहेका बालबालिका सम्बन्धी तथ्याङ्कहरुको सङ्कलन, संरक्षण तथा अद्यावधिक गर्ने ।

१९. नगरपालिकाका स्थानीय चाडपर्व, असल परम्परा, संस्कार, रीतिरिवाज र कलाको निरन्तरता तथा संरक्षण गर्न टेवा पुग्ने गरी सो बारेमा अध्ययन अध्यापन गराउने ।

२०. नगरपालिकाका योजना निर्माण प्रक्रियामा बालबालिकाको सक्रिय सहभागिताको सुनिश्चतता गर्ने ।

## विद्यालयले पालना गर्नुपर्ने बालमैत्री आचारसंहिता

१. विद्यालयको सेवा क्षेत्रभित्र रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरी नियमित पठन पाठन गर्ने ।

२. विद्यालय न्यूनतम निर्धारित कार्यदिन तथा समयसम्म सञ्चालन गर्ने ।

३. विद्यालयमा बालबालिका, अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको बारेमा सचेत गराउने ।

४. बालबालिका तथा अभिभावकलाई बालक्लब/बाल समूहको महत्वबारे सचेत गराउने ।

५. घरपरिवार र समुदायमा बालमैत्री वातावरण सिर्जना गर्न प्रेरित गर्ने ।

६. बालबालिकामाथि हिंसा, दुर्व्यवहार र बालश्रम शोषण गर्नेलाई दण्डित गर्ने र रोक्न सचेतना अभियान गर्ने ।

७. सुरक्षित खेलमैदान, कक्षाकोठा तथा गुणस्तरीय पठन-पाठनको व्यवस्था गर्ने ।

गौरीगङ्गा राजपत्र

८. विद्यालयमा शौचालय, धारा, भवन लगायत निर्माण गरिने सबै भौतिक संरचनाहरु बालमैत्री बनाउन पहल गर्ने |

९. विद्यालयमा अतिरिक्त क्रियाकलापहरु नियमित गरी बाल सहभागिता वृद्धि गर्ने |

१०. बालमैत्री तथा दण्डरहित वातावरणमा पठन पाठन गर्ने गराउने |

११. स्वच्छ पिउने पानीको व्यवस्थापन गर्नुका साथै व्यक्तिगत तथा वातावरणीय सरसफाई सम्बन्धी सचेतना गराउने |

१२. पोषणयुक्त ताजा दिवा खाजाको व्यवस्था गर्ने र पत्रुखाना निषेध गर्ने।

१३. बालक्लब गठन गर्ने र क्रियाशील बनाउने ।

१४. गरिब तथा जेहनदार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।

१५. विद्यालय व्यवस्थापन समितिको बैठकमा बालबालिकाको सहभागिता गराउने ।

१६. अभिभावकहरुसँग बालबालिकाको व्यवहार, आचरण सम्बन्धी अन्तर्क्रिया गरी सुझाव प्रदान गर्ने ।

१७. बालबालिकाहरुलाई बालविवाह, लागुऔषध दुर्व्यसन, यौन हिंसा र दुर्व्यवहारको बारेमा जानकारी तथा त्यसबाट बच्ने उपायको बारेमा सचेत गराउने ।

## स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने आचारसंहिता

१. गर्भावस्थामा गर्भवती महिलाले २२५ वटा आइरन चक्की खानु पर्ने र स्वास्थ्य संस्थाले निशुल्क उपलब्ध गराउने ।

२. ६ महिना देखि ५ बर्ष सम्मका बालबालिकालाई बर्षको २ पटक भिटामिन ए र जुकाको औषधी खुवाउने |

३. सबै गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच गरी संस्थागत सुत्केरीलाई निरन्तरता दिने |

४. गर्भवती आमाको प्रसुतिपूर्व ८ पटक र प्रसुतिपश्चात आमा तथा शिशुको कम्तीमा ४ पटक अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गर्ने |

५. गर्भवती महिलालाई २ वटा टि.टि. खोप लगाउने |

गौरीगङ्गा राजपत्र

६. HIV संक्रमित आमाबाट जन्मेका सबै बालबालिका ART Prophylaxis सेवाका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने |

७. शुद्ध पिउने पानी र व्यक्तिगत सरसफाइ सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने |

८. गर्भावस्था र सुत्केरी अवस्थामा थप खाना एवम् पोषणयुक्त खाने कुराको बारेमा चेतना अभिबृद्धि गर्ने |

९. जन्मेको ६ महिना पुरा भईसकेको बालबालिकाको आमालाई स्तनपानको निरन्तरतासँगै थप पोषिलो खाना खुवाउनु पर्ने विषयमा जानकारी दिई समुदायमा बालस्वास्थ्य तथा सरसफाई सम्बन्धी चेतना अभिबृद्धि गर्ने |

१०. पोषणयुक्त खानेकुरा आयोडिनयुक्त नुनको प्रयोग र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउने ।

११. स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता गराउने ।

## बालक्लब र समुदायले पालना गर्नुपर्ने आचारसंहिता

१. बालक्लबको आयोजनामा/सहभागितामा बालविवाह, बालश्रम, लागुऔषध दुर्व्यसन, आत्महत्या, हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक सडक नाटक लगायतका चेतनामूलक कार्यक्रम गर्ने |

२. सार्वजनिक तथा निजी भौतिक संरचनाहरु बालमैत्री र अपाङ्गतामैत्री बनाउन पहल गर्ने |

३. अर्थपूर्ण बालसहभागिताको लागि सरोकारवालाहरुसँग निरन्तर समन्वय र सहकार्य गर्ने |

४. समुदायमा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार तथा शोषण विरुद्धमा समुदायलाई सजग गराउने र सो कार्य भएको थाहा पाएमा सम्बन्धित निकायमा जानकारी गराउने|

५. बालबालिकालाई कुनै प्रकारको डर, त्रास, धम्की नदेखाउने |

६. घरपरिवारमा बालमैत्री वातावरणको सिर्जना गर्ने |

७. समुदायमा हुन सक्ने भेदभाव, छुवाछुत, कुरीति विरुद्धमा वकालत गर्ने |

८. बालबालिकाहरुलाई शारीरिक तथा मानसिक रुपमा जोखिममा पर्ने खालका कुनै पनि काममा सहभागी नगराउने |

## बालबालिकाले पालना गर्नुपर्ने आचारसंहिता

१. अभिभावकहरुले उपलब्ध गराएको स्थानीय पोषिलो खानेकुराहरु (दाल, दुध, साग, आटो, रोटी, मकै, भट्ट) खानुपर्छ ।

२. बेलुका चाँडो सुत्ने र बिहान सबेरै उठ्नु पर्छ ।

३. नियमित व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्छ ।

४. नियमित विद्यालयमा उपस्थित हुनु पर्दछ र शिक्षकले प्रदान गरेका गृहकार्य तोकिएको समयमा अनिवार्य गर्नुपर्छ ।

५. कुलत तथा दुर्व्यसन (जाँड, रक्सी, चुरोट, गुट्काको सेवन, चोरी, साथीहरुलाई दुर्व्यवहार, झैझगडा तथा अश्लिल फिल्म र चित्रको प्रयोग) बाट सधै टाढा रहनु पर्छ ।

६. आफूभन्दा सानालाई माया ममता र ठुलोलाई आदर सम्मान गर्नुको साथै संवेगको उचित व्यवस्थापन गर्नुपर्छ ।

७. साँचो बोल्ने, स्पष्ट बोल्ने र आफ्नो विचार निर्धक्क भएर राख्नुका साथै अभिभावक र शिक्षकका मार्गदर्शन पालना गर्नुपर्छ ।

८. अपाङ्गता भएका बालबालिकाहरुलाई उचित सम्मान तथा प्राथमिकता प्रदान गर्नुपर्छ ।

९. ८ बर्ष उमेर पुरा भएका सबै बालबालिकाहरु बालक्लबमा सक्रिय सहभागी हुनुपर्छ ।

१०. बालविवाह गर्न कुनै पनि अवस्थामा मन्जुरी नहुने र प्रोत्साहन नगर्ने । यदि त्यस्ता कार्य कही कतै हुन थालेको थाहा पाएमा बाल हेल्पलाईन १०९८ र वा नजिकको प्रहरी कार्यालयमा खबर गर्नुपर्छ ।

११. आफ्नो विद्यालयको नीति, नियम तथा अनुशासनको पूर्ण पालना गर्नुपर्छ ।

१२. बालअधिकार प्राप्तिको लागि पहल गर्ने र आफ्नो कर्तव्य तथा दायित्व समेत पूर्ण पालना गर्नुपर्छ ।

१३. आफू आबद्ध रहेको वा आफूलाई आमन्त्रण गरिएका बैठक तथा कार्यक्रमहरुमा बालअधिकारको वकालत गर्दै अर्थपूर्ण सहभागी हुनुपर्छ ।

१४. दिसा पिसाबको लागि सधैं चर्पीको प्रयोग गर्ने र साबुन पानीले हात धुनुपर्छ ।

१५. महिनावारीको अवस्थामा बालिकाहरुले सेनेटरी प्याड तथा सुरक्षित कपडाको प्रयोग गरी उपयुक्त स्थानमा विसर्जन गर्ने र व्यक्तिगत सरसफाइमा ध्यान दिनुपर्छ।

१६. अपरिचित व्यक्तिको ललाई, फकाई, प्रलोभन र करकापमा नपर्ने र कसैले उक्त कार्य गरेको वा गर्न खोजेको थाहा भएमा तुरुन्त शिक्षक, अभिभावक, साथी, आफूले विश्वास गर्ने व्यक्ति वा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउनु पर्छ ।

गौरीगङ्गा राजपत्र

१७. मोबाइल फोन तथा सञ्चारका साधनहरुको उचित प्रयोग गर्नुपर्छ, अरुका मोबाइल फोन र अन्य सामान नचलाउने र आफ्नो मोबाइल अरु कसैलाई पनि प्रयोग गर्न नदिने |

१८. बालमैत्री स्थानीय शासनको प्रर्वद्धनमा बालक्लब र बालसमूहका सदस्यहरु परिचालन गर्नुपर्छ ।

## अभिभावकहरुले पालना गर्नुपर्ने आचारसंहिता

१. हरेक दिन अनिवार्य रुपमा बालबालिकाहरुलाई पढ्न, गृहकार्य गर्न, व्यायाम गर्न र मनोरञ्जनका लागि समय व्यवस्थापन गरी सहयोग गर्ने ।

२. बालबालिकाहरुलाई साँचो बोल्न, स्पष्ट बोल्न र आपनो बिचार निर्धक्क राख्न प्रोत्साहन गर्ने |

३. बालबालिकालाई बाल क्लबमा आबद्ध भई सक्रिय सहभागी हुन प्रोत्साहन गर्ने |

४. बालविवाह नगराउने साथै त्यस्तो कार्य कतै हुन लागेको थाहा पाएमा सो कार्यलाई निरुत्साहित गर्दै वडा कार्यालय, नगरपालिका वा नजिकको प्रहरी कार्यालयमा खबर गर्ने |

५. छोरा र छोरीमा विभेदपूर्ण व्यवहार नगर्ने ।

६. बालबालिकाको जिउ ज्यान जोखिममा पर्ने खालका कामहरु (यातायात, कलकारखाना, होटेल, निर्माण कार्य आदि) मा नलगाउने |

७. विद्यालयको नीति नियम तथा अनुशासनको पूर्ण पालना गर्न बालबालिकाहरुलाई प्रोत्साहन गर्ने |

८. बालबालिकाको भावनाको कदर गर्दै बाल आधिकार हनन् हुन नदिने र उनीहरुको दायित्वप्रति सचेत गराउने |

९. लिङ्, जाति, वर्ग, धर्म र पहिचानका आधारमा बालबालिकाहरुलाई भेदभाव नगर्ने र कतै गरेको पाईएमा नगर्न अनुरोध गर्ने ।

१०. बालबालिका आबद्ध रहेको वा उनीहरुलाई आमन्त्रण गरिएका बैठकमा नियमित र सक्रिय सहभागी हुन सहयोग पुर्याउनु पर्ने |

११. बालबालिकाहरुलाई व्यक्तिगत तथा वातावरणीय सरसफाइको महत्व र आवश्यकताका बारेमा जानकारी गराउनु पर्ने ।

१२. बालमैत्री र अपाङ्गतामैत्री चर्पीको व्यवस्था मिलाउनु पर्ने ।

१३. बालिकाहरु महिनावारी हुँदा परिवारका सदस्यले सेनिटेरी प्याड/सफा कपडा उपलब्ध गराई त्यसको प्रयोग र उचित व्यवस्थापन बारे जानकारी गराउनु पर्ने ।

गौरीगङ्गा राजपत्र

१४. अपरिचित व्यक्तिले बालबालिकालाई ललाइ फकाइ तथा प्रलोभन पार्न सक्ने विषय र सोबाट बच्ने उपायका बारेमा जानकारी गराउनु पर्ने ।

१५. बाबुआमा वा परिवारको सदस्यहरुको सल्लाह बिना र एक्लै घरबाट बाहिर हिडडुल गर्न तथा अपरिचित व्यक्तिसँग जान नदिने ।

१६. अति आवश्यक काम बाहेक मोबाइल फोन तथा सञ्चारका साधनहरुको प्रयोग गर्न नदिने |

१७. घरपरिवारको आर्थिक अवस्था बारे जानकारी गराउने र स्रोत साधनको प्रयोगमा मितव्ययिता अपनाउन प्रोत्साहन गर्ने |

१८. पारिवारिक छलफल तथा निर्णयहरुमा बालबालिकाहरुको अर्थपूर्ण सहभागी गराउने |

१९. अभिभावकहरुले आफ्नो आचरणमा सुधार ल्याउने रामा कुराहरुलाई व्यवहार र प्रयोगमा ल्याउने |

२०. मितव्ययिता र बाल बचतको विकासमा सहयोग गर्ने |

२१. बालबालिकालाई बालअधिकारको प्रयोग तथा कर्तव्यका पालना गर्न प्रोसाहित गर्दै अवसर पनि प्रदान गर्ने ।

२२. अपाङ्गता भएका बालबालिकाको आवश्यकताको पहिचान गरी आवश्यक सहयोग गर्ने ।

२३. मादक पदार्थ तथा सूर्तिजन्य पदार्थको खरिद बिक्री एवं प्रयोगमा बालबालिकालाई संलग्न नगराउने र बालबालिकाको अगाडि वा सामुन्ने प्रयोग नगर्ने|

२४. बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, घोषणा तथा निरन्तरता गर्ने कार्यमा पूर्ण रुपमा प्रतिवद्धताका साथ सहयोग गर्ने ।

२५. समयमा स्थानीय पोषणयुक्त सन्तुलित खाजा तथा भोजनको व्यवस्था गर्ने एवम् पत्रु खानेकुरा नदिने । उपयुक्त जन्मान्तर राखी स्वस्थ बच्चा जन्माउने ।

## सामाजिक संघ/संस्था तथा व्यवसायीहरुले पालना गर्नुपर्ने आचारसंहिता

१. पोषणयुक्त र स्थानीय सन्तुलित भोजन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने /गराउने |

२. बालबालिकाहरुका लागि स्वास्थ्यका लागि निद्रा तथा आरामको आवश्यकता बारेमा कार्यक्रम सञ्चालन गर्ने /गराउने |

गौरीगङ्गा राजपत्र

३. आफ्नो कार्यालय सफा राख्दै व्यतिगत तथा बातावरणीय सरसफाईमा सचेतना गराउने कार्यक्रम सञ्चालन गर्ने ।

४. विद्यालय उमेरका बालबालिकाहरुलाई अनिवार्य र नियमित रुपमा विद्यालय पठाउन प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

५. मर्यादित तरिकाले साँचो बोल्ने स्पस्ट बोल्ने र आपनो विचार निर्धक राख्न प्रोत्साहन गर्न संघ संस्थामा बालबालिकाको अर्थपूर्ण प्रतिनिधित्व गराउने ।

६. बालबालिकालाई बालक्लबमा आबद्ध गराई बाल विकासका लागि सक्रिय सहभागिता हुनको लागि प्रोत्साहन गर्ने ।

७. बालविवाहलाई निरुत्साहित गर्न र यसबाट हुने सबै प्रकारका बेफाइदाहरु बारे सचेत गराउदै यस्ता कार्य गर्ने गराउनेलाई कानुनी कारबाहीको दयाराभित्र ल्याउने ।

८. बालआधिकारका चार आधारभूत पक्षले निर्दिष्ट गरेका पक्षहरु पालना गर्दै जनचेतना फैलाउने ।

९. बालबालिकाको जिउ ज्यान जोखिममा पर्ने खालका काम लगाउन निरुत्साहित गर्ने ।

१०. बाल आधिकारको हनन हुन नदिने र उनीहरुको कर्तव्य र दायित्वप्रति सचेत गराउने ।

११. लिङ्ग, जात, धर्म, वर्ग र पहिचानका आधारमा हुने विभेद न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

१२. व्यक्तिगत सरसफाइ का सम्बन्धमा सचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।

१३. बालश्रम शोषणको अवस्था हुन नदिन सधैं प्रतिबद्ध हुने ।

१४. धुम्रपान, मद्यपान, सुर्तीजन्य सामाग्रीहरु खरिद विक्री ओसार पसार गर्न बालबालिकालाई प्रयोग/बिक्री नगर्ने नगराउने ।

१५. निर्माण, यातायात, होटेल व्यवसायमा बालश्रम निषेध गर्ने ।

१६. बालमैत्री स्थानीय शासन प्रवर्धन, घोषणा तथा निरन्तरताका लागि सहयोग गर्ने ।

१७. अपरिचित व्यक्तिको ललाइफकाई र प्रलोभनमा नपर्न सचेत गराउने र त्यस्ता क्रियाकलाप भएको थाहा पाएमा कानुनी दायराभित्र ल्याउन सहयोग गर्ने ।

१८. बाल अधिकारको अवधारणा र बाल अधिकार महासन्धिको पालना गरी यस बारे सचेतना जगाउने ।

१९. बालबालिका तथा अभिभावकलाई बालक्लवको महत्वबारे सचेत गराउने ।

२०. घर, परिवार तथा समाजमा बालमैत्री वातावरण सिर्जना गर्न अभिप्रेरित गर्ने ।

२१. सुलभ तथा बालमैत्री शौचालय निर्माणका लागि सचेतना फैलाउने र सक्दो सहयोग गर्ने ।

गौरीगङ्गा राजपत्र

२२. आफूले आयोजना गर्ने कार्यक्रमहरुमा पत्रु खानाहरु (Junk food) निषेध गर्ने ।

आज्ञाले
धर्मराज बिनाडी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगङ्गा राजपत्र